कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: १० | वि.सं. २०८१ बैशाख ११ मंगलवार | नेपाल संवत्: ११४४, चैत शुक्ल पूर्णिमा | Tuesday 23 Apr. 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

# नागरिक विकासको आशामा वजेट भने प्रदेश सरकारकै खातामा



## ६ वर्ष बित्यो अवस्था उस्तै

कर्णाली प्रदेश सरकारले हालसम्म ६ वटा नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गरेको छ । आर्थिक वर्ष २०७४/७५ देखि गत आर्थिक वर्ष २०७९/८० सम्म कर्णाली प्रदेश सरकारले विकास निर्माणका लागि ६२ अर्ब ६४ करोड ४९ हजार ५० रुपैयाँ विनियोजन गरेको छ ।

त्यसमध्ये ३१ अर्ब ४१ करोड २० हजार ८ रुपैयाँ मात्र खर्च भएको छ । कर्णाली सरकारको विकास बजेट खर्चको यो प्रगति कुल विनियोजित बजेटको करिब आधा हो । प्रदेश सरकारले विकास वजेट कार्यान्वयन गर्न नसकेको यो पहिलो पटक भने होइन ।

प्रदेश सरकार स्थापना भएको ६ वर्षमा ६ वटा वजेट कार्यान्वयन भएको छ । विगतका ६ आर्थिक वर्षलाई आधार मान्ने हो भने कर्णालीको औसत पूँजीगत खर्च ७ अर्ब ९१ करोड रूपैयाँ छ । तर, सरकारले वार्षिक औसत १५ अर्ब २९ करोड विकास बजेट विनियोजन गरेको

बाँकी ३ पेजमा

**ओम शाही**
**सुर्खेत, १० वैशाख ।**

कर्णाली प्रदेश सरकारले चालू आर्थिक वर्ष सुरु भएको नौ महिनासम्म पनि विकास वजेट खर्चको ग्राफ बढाउन सकेको छैन । चालु आर्थिक वर्षको चैत मसान्तसम्म प्रदेश सरकारले कुल वजेटको चालूतर्फ ३४ दशमलव ९८ र पूँजिगततर्फ १९ दशमलव आठ गरी २५ दशमलव ६६ प्रतिशत वजेट मात्र खर्च गरेको छ ।

चालू आर्थिक वर्ष २०८०/०८१ का लागि ३३ अर्व ४१ करोड १८ लाख लाख बराबरको वजेट प्रदेश सरकारले ल्याएको थियो । जसमा चालुतर्फ १३ अर्ब ८३ करोड ६९ हजार पाँच सय र पूँजिगततर्फ १९ अर्ब ५७ करोड ४८ लाख ७५ हजार रुपैयाँ बराबरको वजेट छ ।

जसमा चालूतर्फ चार अर्व ८३ करोड ९९ लाख ८५ हजार चार सय ७३ रुपैयाँ खर्च हुँदा विकासतर्फको वजेट भने तीन अर्व ७३ करोड ५१ लख १७ हजार दुई सय २० रुपैयाँ मात्रै खर्च भएको छ ।

यसमा पूँजिगत खर्चको तुलनामा चालु खर्च धेरै छ । आर्थिक वर्षको आठ महिनासम्म अपेक्षित खर्चको ग्राफ बढाउन नसकेको सरकारले चैत महिना लागेसँगै भने खर्चको अनुपात बढाउन थालेको छ ।

फागुन मसान्तसम्म कुल बजेटको ६ अर्व ४४ करोड ५२ लाख ७५ हजार खर्च गरेकोमा प्रदेश सरकारले चैत महिनामा मात्रै दुई अर्व बढी खर्च गरेको छ । चैत महिनामा चालू र पूँजिगत गरी सरकारले दुई अर्व १२ करोड ९८ लाख २७ हजार ६ सय ६९ रुपैयाँ गरी कुल वजेटको जम्मा आठ अर्व ५७ करोड ५१ लाख २६ हजार ९४ रुपैयाँ खर्च गरेको छ ।

अब प्रदेश सरकारको खातामा २४ अर्व ८३ करोड ६७ लाख ५७ हजार तीन सय पाँच रुपैयाँ मौज्दात रहेको छ । जसमा विकास वजेट मात्रै १५ अर्व ८३ करोड ९७ लाख ७७ हजार सात सय ८० रुपैयाँ खर्च हुन बाँकी छ ।

आर्थिक वर्ष सकिन पुग नपुग तीन महिना बाँकी रहदा प्रदेश सरकारको वजेट खर्च गर्ने पुरानै शैलीले अपेक्षित लक्ष्य प्राप्त गर्न मुस्किल पर्ने देखिन्छ । कर्णाली प्रदेश सरकारको विकास वजेटको ग्राफ असारे विकासमा निर्भर हुने गरेको छ ।

अधिपछि वजेट कायान्वयनमा ध्यान नदिने प्रदेश सरकारले आर्थिक वर्षको मसान्तमा रकमान्तर गरेर भएपनि खर्चको अंक बढी देखाउने प्रवृत्तिले विकास वजेटको सही सदुपयोग हुन सकेको छैन ।

समयमै वजेटको अख्तियारी, जनशक्ति अभाव, ठुला महत्वका आयोजना नसमेटिनु तथा विभिन्न कानुनी अल्झनका कारण कर्णालीमा विकास वजेट समयमै खर्च हुन सक्दैन । अर्कोतर्फ प्रदेश सरकारले सार्वजनिक वित्त व्यवस्थापनको पाटोलाई व्यवस्थित बनाउन नसक्दाको साइड इफेक्ट विकास वजेट कार्यान्वयनमा परिरहेको विज्ञहरु बताउँछन् ।

वास्तविक पुँजीगत खर्च नहुनुमा बजेट निर्माण प्रक्रियामै समस्या भएको देखिन्छ । नीति, कार्यक्रम तथा वजेट निर्माणदेखि कार्यान्वयन तथा मूल्यांकनको पाटोलाई प्रदेश सरकारले अझै पनि गम्भिर रुपमा लिन सकेको छैन् ।

जसका कारण टुक्रे योजनामा मनलाग्दी वजेट बाँडिने प्रवृत्तिले आर्थिक अनियमिता पनि उत्तिकै बढेको अख्तियार

बाँकी ३ पेजमा

# पठन संस्कृतिका लागि ‘कर्णाली साहित्य महोत्सव’

**युग संवाददाता**
**सुर्खेत, १० वैशाख ।**




कर्णालीमा पठन संस्कृतिको विकास गर्न ‘कर्णाली साहित्य महोत्सव’ हुने भएको छ । कर्णालीको भाषा, साहित्य र संस्कृतिको संरक्षणका लागि मंगलबार विश्व पुस्तक दिवसका अवसरमा साहित्य महोत्सव आयोजना हुन लागेको हो ।

एघारौं शताब्दिमा कर्णालीबाट विकास भएको नेपालको पश्चिमी भू-भागको मध्यकालिन इतिहास विशाल नेपालको भाषा, साहित्य, संस्कृति र पुरातात्विक तथा मौलिक विशेषता बनेको खस सभ्यता र संस्कृतिका बारेमा पठन संस्कृतिको विकास गर्न महोत्सव आयोजना गर्न लागिएको हो ।

‘नेपाली भेषभूषा, रीतिरिवाज, भाषा र परम्पराको सामाजिक, ऐतिहासिक, सांस्कृतिक अध्ययनको निम्ति यो क्षेत्र उर्वर छ ।’ आयोजक संस्था फ्यूचर नेपालका डा. नवराज केसीले भने, ‘राणा शासनको अन्त्य अघिसम्म गुमनाम रहेको यो क्षेत्रमा त्यसयता विभिन्न कालखण्डमा स्वदेशी तथा विदेशी अध्येताले केही मात्रामा अन्वेषण तथा अनुसन्धान गरेका छन्, यसरी गरिएका अध्ययनहरू पुस्तकका रूपमा छापिए पनि धेरैजसो पुस्तक पाठकको पहुँचमा छैनन् ।’

कर्णालीका बारेमा लेखिएका साहित्यिक रचना कृतिहरु र कर्णालीको इतिहाँसका बारेमा लेखिएका पुस्तकहरु प्रर्दशनीमा राखिने डा. केसीले बताए । ‘नेपाली भाषा, साहित्यको तिर्थस्थल कर्णालीमा लेखन तथा पठन संस्कृतिको विकास हुनु अपरिहार्य छ ।’

उनले भने, ‘कर्णालीमा लेख्ने, पढ्ने संस्कृतिको विकास गर्न ‘फ्युचर नेपाल’ ले ‘कर्णाली रिडर्स सोसाइटी’ मार्फत यस क्षेत्रमा पठन संस्कृतिको प्रवर्द्धन गर्न एउटा अभियानको प्रारम्भ गर्ने प्रयास गरेका छौं ।’

कर्णालीमा किताब र ज्ञान परम्परासँग सम्बन्धित उपयुक्त अन्य कार्य गर्ने, पुस्तकलाई ज्ञानको संग्रह र महोत्सवलाई उत्सवको बिम्ब मानेर कर्णाली साहित्य महोत्सवमा ज्ञानको खोजी र समृद्धिको सम्भावना पहिल्याउन सरोकारवालाको सहभागितामा किताबसहित सामाजिक सांस्कृतिक विषयमा छलफल, लेखन, विमर्श, प्रदर्शनी आदि अभिन्न अङ्गको रुपमा समावेश गरिने डा. केसीले बताए ।

योगी नरहरिनाथले कर्णाली प्रदेशको विगत बुझाउने कृतिहरू अचेल बिरलै भेटिने गरेको, त्यस बाहेक कर्णालीका लेखकका साहित्यिक रचना कृतिहरू र कर्णालीमाथी लेखिएका पुस्तकहरू बारे कर्णालीमै चर्चा हुने अवसर नपाएकोले महोत्सवमा कर्णालीका विषयमा लेखिएका पुस्तक प्रर्दशनीमा राखिने डा. केसीले बताए ।

# पूर्वाधार विकास समितिको टोली अनुगमनमा

**युग संवाददाता**
**सल्यान, १० वैशाख ।**

प्रतिनिधिसभाअन्तर्गतको पूर्वाधार विकास समितिको टोलीले कर्णाली प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजना र राजमार्गको अनुगमन गरिरहेको छ । पूर्वाधार विकास समितिका सदस्य ऐनबहादुर शाहीको संयोजकत्वमा रहेको उक्त टोलीले बाँकेको नेपालगञ्जबाट दाङ हुँदै भेरी राजमार्ग र कर्णाली करिडोरको अनुगमन गर्ने छ ।

टोलीले आइतबार सल्यानमा सरकोकारवालासँग अन्तर्क्रिया गरेको छ । अनुगमन टोलीमा पूर्वमन्त्री प्रकाश ज्वाला, प्रतिनिधिसभा सदस्य उर्मिला माझी, मैना कार्कीलगायत

बाँकी ४ पेजमा

# अन्तर बैंक फुटसल प्रतियोगिता

**युग संवाददाता**
**सुर्खेत, १० वैशाख ।**

नेपाल राष्ट्र बैंकको ६९ औं बार्षिकोत्सवको अवसरमा कर्णाली प्रदेश स्तरिय तेस्रो अन्तर बैंक फुटसल प्रतियोगिता सम्पन्न भएको छ । नेपाल राष्ट्र बैंक सुर्खेत कार्यालयको आयोजनामा वीरेन्द्रनगर स्थित एमएनएस हेल्थ क्लव एण्ड फिटनेशमा प्रतियोगिता सम्पन्न भएको थियो ।

नेपाल राष्ट्र बैंक सुर्खेत कार्यालय प्रमुख बाबुराम कोइरालाले खेलकुद प्रतियोगिताले शारिरीक, मानसिक स्वस्थ राख्नुका साथै बैंकहरुबीचको हार्दिकतामा बृद्धि हुने हुँदा आगामी बर्ष अझ उल्लासमय तथा रचनात्मक तवरले बार्षिकोत्सव कार्यक्रम गरिनेसमेत विचार व्यक्त गरेका थिए ।

कणाालि प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाहरुबाट १७ वटा टिमको सहभागिता रहेको थियो । कार्यालय प्रमुख कोइरालाको अध्यक्षता र नेपाल बैंकर्स संघ, कर्णाली च्याप्टरका संयोजक तथा प्रतिनिधि, कर्णाली प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रदेश प्रमुखहरु तथा शाखा प्रमुखहरुको उपस्थितीमा समापन तथा पुरस्कार वितरण गरिएको थियो ।

उक्त फुटसल प्रतियोगिताको विजेता ग्लोबल आइएमई बैंक लिमिटेड, उपविजेता प्रभु बैंक लिमिटेड, सर्बोत्कृष्ट खेलाडी कृषि विकास बैंक लिमिटेडका ललित कुमार बराल मगर, सर्वाधिक गोलकर्ता प्रभु बैंक लिमिटेडका राज वाल्मिकी र उत्कृष्ट गोलरक्षक प्रभु बैंक लिमिटेडका दिपक राज वि.सि.लाई पुरस्कार वितरण गरिएको थियो ।

**डिपेन्डेन भिसा**

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.:** ९७६९७७२९४४, ९७६९७७२९२३






## सम्पादकीय....

# सत्ता मोह आवश्यकता कि बाध्यता

कर्णालीको सरकार परिवर्तन भएको दुई साता हुँदासम्म पनि मन्त्रीपरिषद्‌ले पूर्णता पाउने छाँटकाँट छैन। यो सिंगो कर्णालीबासीमाथीको सरासरी बेईमानी हो। आफ्ना स्वार्थका कारण आम नागरिकमा पर्ने असहजता न यिनले कहिल्यै महसुस गरेका थिए न गरेका छन् न त भविष्यमा गर्नेवाला नै छन्। गर्छन त चाकडी, चाप्लुसी र घुमाईफिराई आफ्नो स्वार्थ पुरा हुने काममात्र। यि राजनैतिक बेईमानहरुले नै संधै आम कर्णालीबासीमाथी राजनीति गरे न कि आम नागरिकका लागि गरे यिनले राजनीति। गरे त केवल आफ्नो दुनो सोझ्याउन र आफ्ना नातागोता र कार्यकर्ता पोस्याउन। चैत २७ मा माओवादी केन्द्रको समर्थनमा मुख्यमन्त्री बनेका हुन नेकपा एमाले संसदिय दलका नेता तथा प्रदेश सभा सदस्य यामलाल कंडेल।

दुई हप्ता बित्दासम्म पनि उनले आफु नेतृत्वको मन्त्रीपरिषद्‌लाई पूर्णता दिन सकेका छैनन। सरकारको कार्यसम्पादनमा गम्भिर असर परिरहँदासम्म पनि सत्ता साझेदार माओवादी र एमाले भने भाग लगाउन नसकेर आँ गरेर बसेका भोकले बेहोस हुने बेलासम्म पनि दोषारोपणमै व्यस्त छन्। केन्द्रको गठबन्धनको सहमति अनुसार कर्णालीको नेतृत्व नेकपा एमालेको भागमा परेपश्चात नै यो सुईको नभएको भने होईन। मन्त्रीपरिषद् विस्तारका लागि कंडेलले पटक पटक माओवादीसंग छलफल गर्दा समेत मन्त्रालय बाँडफाँडमा सामाजिक विकास मन्त्रालयमा गएर हलो अड्कीएको छ। प्रदेशका शिक्षा, स्वास्थ्य, खेलकुद, महिला तथा बालबालिका जस्ता महत्वपूर्ण क्षेत्रमा प्रभाव राख्न सकिने धेरै कर्मचारी, बजेट हुने सो मन्त्रालय आफ्ना हातमा पार्नलाई दुवैपक्ष कम्मर कसेर लागेका छन्।

सत्ता साझेदार दल माओवादीले आर्थिक मामिला तथा योजना मन्त्रालय, सामाजिक विकास मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालय, जलश्रोत तथा उर्जा विकास मन्त्रालयसहित भूमि व्यवस्था तथा सहकारी मन्त्रालय या त उद्योग पर्यटन तथा वन तथा वातावरण मन्त्रालय मध्येको एक पाउनुपर्ने बालहठका कारण कर्णालीको मन्त्रीपरिषद विस्तारमा ढिलाई भएको बुझिन्छ। सुरुमा आर्थिक मामिला तथा योजना मन्त्रालय समेत आफुले पाउनुपर्ने माग राखेको माओवादीले अहिले आएर सामाजिक विकास र भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय जसरी नि आफुलाई चाहिने अड्डी कसेको छ। प्रदेश स्थापनादेखी नै कहिले को सित त कहिले को सित मिलेर सत्तालाई जुका झैं चुसेको माओवादी चुस्ने मन्त्रालय नपाए हुन्न भनेर नोकझोक गरिरहेको छ। मुख्यमन्त्रीसहित ८ मन्त्रालय रहेको कर्णाली प्रदेशमा मन्त्रीपरिषद् विस्तारको विषयलाई लिएर एकअर्काबीच दोषारोपण चलिरहेको छ। तिमिहरु समाजसेवा गर्न गएको होईन र ? तिमिहरु जनताको काम गर्न गएको होईन र ? तिमिहरु आम नागरिकका विषयमा सहजिकरण गरेर सजिलो बनाउन अगुवा बनेको होईन र ? लाज सरम पोलेर आयौ कि जाँडसँग खायौ ? केही पत्तो नपाए झैं गर्छौ त ? कि घरकि पाखा लगाएर परकीसंग सल्कीदा आगो लागेर खरानी भयो ? सत्ता र शक्तिमा रहेर दोहन गर्न पल्केकाहरुलाई दोहन गर्ने थलो कुन हो राम्ररी थाहा छ नि त ? अनि चाहिँदैन त रोजिवीनीका क्षेत्र ? नत्र किन मिल्दैन कुरा ? के राम्रो आर्थिक उपार्जन गर्ने उद्देश्यले गरेको हो राजनीति ? व्यवहारले छर्लङ्ग भए पनि बोलीमा त हामी समाजसेवा गर्नलाई खाई नखाई भोकै नाङ्गै तिमिहरुका लागि जहान परिवार छोडेर व्यक्तिगत जिन्दगी नभनेर जोतिएका छौं। हामी जत्तिको असल गोरु कहाँ पाउँछौ र ? भनेर दिन्छौ त भाषण त ?

नैतिक दवाव छ कंडेललाई कि आफ्नो पार्टी राजनीतिमा आफुलाई चलाख सम्झिने कंडेललाई यो पटक माओवादीले राम्ररी जाँचिरहेको छ। जाँचमा पास हुने भरपुर प्रयासमा छन् उनी। आम जनजिविकाका सवालमा काम गर्नुपर्ने अवस्थामा लामो समय मन्त्रीपरिषद्‌ले पूर्णता नपाउनु भनेको आम नागरिक माथीको धोका हो। भने सत्तामा बसेर चुसीचुसी मोटाएको माओवादीले पनि आफ्नो बाल हठ त्याग्नु आवश्यक छ। सर्पको खुट्टा सर्पले नै देखेर यो अवस्था आएको हो। नत्र के छ र यो र त्यो भनेर हलो अड्काएर गोरु चुट्ने मेसो त हो नी। चालु आवको बजेट कार्यान्वयन, मुल्याङ्कन तथा आगामी वर्षको निति, कार्यक्रम तथा बजेट निर्माण, कर्णाली लगानी सम्मेलन लगायतका कामहरु आफ्नै पालाका भएको हुँदा ति काम सफल पार्नलाई पनि तत्काल सहमति गरेर मन्त्रीपरिषद् विस्तार गर्नुपर्छ।

## विदेश

# उत्तर कोरियाद्वारा ब्यालेस्टिक मिसाइल प्रक्षेपण

**सोल, १० वैशाख (रासस/एएफपी)।**

उत्तर कोरियाले दक्षिण कोरियाको पूर्वी तटनजिकै समुद्रमा एउटा अज्ञात ब्यालेस्टिक मिसाइल प्रक्षेपण गरेको सोलको सेनाले सोमबार बताएको छ। उक्त मिसाइल प्योङ्याङले यस वर्ष परीक्षण गरेको शृङ्खलामा पछिल्लो हो।

दक्षिण कोरियाका ज्वाइन्ट चिफ अफ स्टाफले जापान सागर पनि भनिने जल क्षेत्रको नाम लिँदै भन्नुभयो, "उत्तर कोरियाले पूर्वी सागरमा अज्ञात मिसाइल प्रक्षेपण गरेको छ।" टोक्योले पनि प्रक्षेपणको पुष्टि गरेको छ। जापानी रक्षा मन्त्रालयले सामाजिक सञ्जाल एक्समा भनेको छ, "उत्तर कोरियाबाट संदिग्ध ब्यालेस्टिक मिसाइल प्रक्षेपण भएको थियो।" जापानको तटरक्षकले मन्त्रालयलाई उद्धृत गर्दै प्रारम्भिक घोषणाको लगत्तै उक्त मिसाइल पहिल्यै खसेको देखिएको बताएको थियो।

सार्वजनिक प्रसारक एनएचकेलगायत जापानी सञ्चार माध्यमले अज्ञात सरकारी स्रोतहरूलाई उद्धृत गर्दै संदिग्ध मिसाइल जापानको विशेष आर्थिक क्षेत्रबाहिर खसेको बताएका छन्। सोलस्थित विशेषज्ञ साइट एनके न्युजले भनेको छ, "छोटो उडान समय, सम्भवतः १० मिनेटभन्दा कम, छोटो दूरीको ब्यालेस्टिक मिसाइल (एअआरबिएम) वा छ सय मिमी मल्टिपल लन्च रकेट सिस्टम (एमएलआरएस) को प्रक्षेपण भएको सङ्केत गर्दछ।"

गत महिना रुसले आणविक हतियार सम्पन्न मुलुक उत्तर कोरियाविरुद्ध संयुक्त राष्ट्रसङ्घको प्रतिबन्धको अनुगमनलाई खारेज गरेपछि पछिल्लो प्रक्षेपण भएको हो। प्योङ्याङको सहयोगी मस्कोले आफ्नो आणविक र हतियार कार्यक्रमका लागि किम जोङ उनको सरकारमाथि लगाइएको प्रतिबन्धको उल्लङ्घनको राष्ट्रसङ्घीय अनुगमनलाई प्रभावकारीरूपमा अन्त्य गर्न मार्चमा राष्ट्रसङ्घीय सुरक्षा परिषद्‌मा भिटो प्रयोग गरेको थियो।

उत्तर कोरियाले रणनीतिक क्रुज मिसाइलका लागि डिजाइन गरिएको 'सुपर-लार्ज वारहेड' को शुक्रबार परीक्षण गरेको राज्य मिडियाले बताएको छ। सोलको सेनाले उसले करिब सोही समयमा क्रुज मिसाइल प्रक्षेपण भएको पत्ता लगाएको पुष्टि गरेको छ।

आफ्नो ब्यालेस्टिक समकक्षीहरूको विपरीत उत्तर कोरियामाथि हालको राष्ट्रसङ्घीय प्रतिबन्धअन्तर्गत क्रुज मिसाइलको परीक्षण प्रतिबन्धित छैनन्। क्रुज मिसाइलहरू जेटद्वारा सञ्चालित हुन्छन् र अधिक परिष्कृत ब्यालेस्टिक मिसाइलहरूको तुलनामा कम उचाइमा उड्छन्। यसबाट तिनीहरूलाई पत्ता लगाउन र रोक्न कठिन हुन्छ। उत्तर कोरियाले युक्रेनमा प्रयोग गर्नका लागि रुसमा पठाउनुअघि क्रुज मिसाइलहरूको परीक्षण गर्न सक्ने विश्लेषकहरूले चेतावनी दिएका छन्। उत्तर कोरियाली नेता किमले राष्ट्रसङ्घले प्रतिबन्ध लगाए पनि मस्कोमा हतियार पठाइरहेको वासिङ्टन र सोलको दाबी छ। प्योङ्याङले युक्रेनमा प्रयोग गर्नका लागि हतियारले भरिएका करिब सात हजार कन्टेनर मस्कोमा पठाएको सोलले दाबी गरेको छ।

धेरै हदसम्म एक्लो परेको उत्तर कोरियाले हालै मस्कोसँगको सैन्य सम्बन्धलाई बलियो बनाएको छ। साथै उसले यसै महिना आफूविरुद्धको अन्तर्राष्ट्रिय प्रतिबन्धको अनुगमन गर्ने संयुक्त राष्ट्र विशेषज्ञहरूको एउटा प्यानलको नवीकरणलाई रोक्नका लागि भिटो प्रयोग गरेकामा रुसलाई धन्यवाद दिएको छ।

उत्तर कोरियाले परीक्षणमा पनि तीव्रता दिएको छ। उसले अप्रिलको प्रारम्भमा नयाँ मध्यमदेखि लामो दूरीको ठोस इन्धन हाइपरसोनिक मिसाइलको परीक्षण गरेको दाबी गरेको छ।

# बजेटको लक्ष्य अनुसार विकासको गति सुस्त



डा. दीपेन्द्र रोकाया

नेपाल सरकारका तत्कालीन अर्थमन्त्री डा. प्रकाशशरण महतले ल्याएको आर्थिक वर्ष २०८०/८१ को बजेट जेठ १५ गते ध्यानपूर्वक सुन्यौँ। त्यो नेपालको ७३ औँ बजेट थियो। २००८ सालमा नेपालको पहिलो बजेट प्रस्तुत भएको थियो। पाँच करोड २५ लाखबाट सुरु भएको बजेट २०४६ को राजनीतिक परिवर्तनपछि ३६ अर्ब पुगेको थियो। त्यस्तै आव २०६१/६२ मा बजेटको आकारले एक अर्ब नाघेको थियो।

चालु आव २०८०/८१ का लागि विनियोजित बजेट १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख छ। यो रकम गत वर्षको विनियोजित बजेटभन्दा २.३७ प्रतिशतले कम हो भने संशोधित बजेटभन्दा १६ प्रतिशतले बढी हो। पछिल्लो प्रवृत्ति हेर्दा चालु आवमा पनि विनियोजित बजेटभन्दा वास्तविक खर्च घट्न सक्ने देखिन्छ। यो चैत मसान्तसम्मको खर्चले पनि सो कुरा पुष्टि हुन्छ।

विनियोजित बजेटको ६५ प्रतिशत हिस्सा चालु खर्चका लागि छुट्याइएको छ। १७ प्रतिशत पुँजीगत खर्च र १७ प्रतिशत वित्तीय व्यवस्थाका लागि छुट्याइएको छ। त्यसको परिपूर्तिका लागि राजस्वबाट ७१ प्रतिशत, अनुदानबाट लगभग तीन प्रतिशत र बाँकी रकम ऋण लिने भनिएको थियो। पछिल्लो दशकमा कुल खर्चको अत्यधिक हिस्सा चालु खर्च अर्थात् सरकार सञ्चालन खर्चमा हुने गरेको छ। सोही प्रवृत्ति यस बजेटमा पनि रहेको छ।

दिगो विकास सुनिश्चित गर्न पुँजीगत खर्चमा जोड दिनुपर्ने हुन्छ। पुँजीगत खर्चको बजेट विनियोजन घट्दै गएको देखिन्छ। पछिल्लो एक दशकको औसत आय सङ्कलनको तथ्याङ्क हेर्दा लक्षित राजस्व उठ्न सकिरहेको देखिँदैन। आगामी आवमा राजस्वबाट १२ खर्ब ४८ अर्ब राजस्व सङ्कलन गर्ने भनिएको छ, जुन विनियोजित बजेटको ७१ प्रतिशत हुन जान्छ। गत दशकको तथ्याङ्क हेर्दा राजस्वको वृद्धि दर लगभग १४ प्रतिशत छ। चालु आवका लागि गत वर्ष संशोधित राजस्वभन्दा ३३ प्रतिशत बढी राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएको थियो। राजस्व प्राप्तिको आवश्यकता परिपूर्तिका लागि आन्तरिक कर सङ्कलनको दायरा वृद्धि गर्नेतर्फ ठोस नीति हुनुपर्ने थियो तर त्यसो भएको देखिँदैन। यसका लागि उत्पादन वृद्धि गरी करको दायरा वृद्धि गराउने हो। यसरी गत दशकको प्रवृत्ति र सरकारको नीतिलाई हेर्दा अपेक्षित राजस्व सङ्कलन हुन सक्ने देखिँदैन।

वैदेशिक सहायता घट्ने क्रममा छ। खर्च धान्नका लागि ऋणमा भर पर्नु परेको देखिन्छ। विनियोजित बजेटको एक चौथाइ रकम ऋणबाट परिपूर्ति गर्ने भनिएको छ। खर्च धान्नका लागि ऋण लिने कुरा नराम्रो होइन। सरकारले ऋणको उपयोग उत्पादक क्षेत्रमा सदुपयोग गर्न सक्नु पर्छ। कुल ऋणको आधा रकम ऋण भुक्तानी र सावाँ भुक्तानीमा खर्च भइरहेको छ। बाँकी रकम पनि राज्यको प्रशासनिक खर्च धान्नमा खर्चिरहेको छ। यसरी ऋणको सदुपयोग उत्पादनको क्षेत्रमा नभइरहेको अवस्थामा ऋणलाई आधार बनाएर बजेटको आकार बढाउनु तार्किक देखिँदैन।

सामान्य प्रशासन मात्रैको खर्च हेर्ने हो भने कुल बजेटको अत्यधिक हिस्सा त्यसमा खर्च भइरहेको छ। चालु आर्थिक बजेटको ३६ प्रतिशत बजेट सामान्य प्रशासन खर्चका लागि मात्रै विनियोजित गरिएको छ। उता विकास निर्माणको खर्चका लागि आधाभन्दा कम अर्थात् १७ प्रतिशत मात्र विनियोजन गरिएको छ। यसखाले बजेट बाँडफाँटले अर्थतन्त्रलाई दिगो बनाउन पनि मुस्किल हुने देखिन्छ।

कर राजस्वलाई मध्यनजर गर्दा, राजस्वको करिब २० प्रतिशत कर आयातमा लाग्ने करबाट सङ्कलन हुने गरेको छ। जसले खर्चका लागि आयात करसँग निर्भर भइरहेको छ। आयात घटाउने हो भने सरकारले राजस्व उठाउन नसक्ने देखिन्छ। गत वर्ष विलासिताका सामानमा सरकारले आयात कडाई गरेको थियो। जसको परिणामस्वरूप लक्षित राजस्व उठाउन नसकेकाले विनियोजित बजेट झन्डै २० प्रतिशतले घटाउनु परेको थियो। आयात वृद्धि हुँदै जाँदा, विप्रेषणमा निर्भर रहेको विदेशी विनिमयको सञ्चिति घटाउने छ। त्यस कारण राज्यले देशभित्रै उत्पादकत्व वृद्धि गर्न निश्चित कदम चाल्नै पर्छ।

आगामी आवका लागि सरकारले छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको छ। विगतको तथ्याङ्क हेर्दा बिरलै अपेक्षित वृद्धि हासिल गर्न सफल भएको देखिन्छ। पछिल्लो दशकको औसत वृद्धि दर लगभग चार प्रतिशत मात्र छ। अहिलेसम्मको वृद्धिदर, मुद्रास्फीति, ब्याजदर जस्ता अन्य पक्षलाई विचार गर्दा छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न कठिन हुने छ। पछिल्लो दशकमा, मुद्रास्फीत वृद्धिदर धेरै जसो उच्च छ। यसले समग्र वृद्धिमा बाधा पुऱ्याएको छ।

नेपालको कुल बजेटको करिब ६७ प्रतिशत रकम चालु बजेटमा खर्च भएको देखिन्छ। यस्तै १५ देखि २० प्रतिशत मात्र विकास निर्माण कार्यमा खर्च भएको छ। चालु खर्चले प्रत्येक वर्ष पुँजीगत खर्चलाई निरन्तर उछिनेको छ। सरकार दीर्घकालीन लगानीभन्दा तलब, मर्मत सम्भार र प्रशासनिक खर्चमा अल्मलिनुले परिवर्तनकारी परियोजनामा पर्याप्त स्रोत विनियोजन गर्न सकिरहेको छ। बजेटमा सामान्य सार्वजनिक सेवाका लागि विनियोजन र खर्चमा उल्लेख्य वृद्धि भएको छ। आव २०६९/७० देखि २०७९/८० सम्म यस क्षेत्रको बजेट लगभग ८ गुणाले वृद्धि भएको छ। यसरी तलब, भत्ता जस्ता क्षेत्रमा खर्च बढ्दै जानु र उत्पादकमूलक क्षेत्रमा खर्च बढ्न नसक्नुले राज्यले ठुलो आर्थिक भार सामना गर्नु परिरहेको छ।

नेपालको चालु खर्चमा तलब र अन्य सुविधाको प्रतिशत वर्षैपिच्छे उतारचढाव आउने गरेको छ। यो करिब २८ प्रतिशतबाट १३ प्रतिशतमा घटे पनि चालु आवमा बढेर १६ प्रतिशत पुगेको छ। तलब र अन्य सुविधाको प्रतिशतमा कमी आउनु सकारात्मक सङ्केत हो। तलब भत्ताको प्रतिशतमा कमी आए पनि चालु खर्चभित्रकै अन्य खर्च बढ्दै गएको छ।

### क्षेत्रगत विश्लेषणमा कृषि

नेपालमा आम्दानीको मुख्य स्रोत कृषि हो। आव २०६९/७० देखि हरेक वर्ष सरकारको प्राथमिकताको क्षेत्रमा पर्छ। कृषिमा अझै आत्मनिर्भर हुन सकिएको देखिँदैन। कृषि उत्पादन आयात भइरहेकै छन्। २०७८/७९ मा मात्र ३७८ अर्ब ६० करोडको कृषिजन्य उत्पादन आयात गरिएको थियो।

परम्परागत खेती अभ्यासलाई रूपान्तरण गर्नुपर्ने र ठुलो मात्रामा कृषिलाई प्रवर्धन गर्ने उद्देश्यले भूमिसुधार योजना लागु गर्नुपर्ने छ। सरकारले कृषि अनुदानभन्दा पनि कृषि उत्पादन पूर्वाधार विकासमा केन्द्रित हुन सक्नु पर्छ। अर्थतन्त्रलाई उत्पादनमूलक उद्योग जस्ता नयाँ क्षेत्रमा विविधीकरण गरेर नेपालले कृषिमाथिको निर्भरता घटाउन र आर्थिक वृद्धि बढाउन सक्नु पर्छ। आर्थिक वृद्धिका लागि कृषि क्षेत्रमा मात्र निर्भर नभई उद्योगतिर जाने नीति लिनु पर्छ।

विभिन्न आर्थिक झट्का लाग्दा पनि अर्थतन्त्रलाई मद्दत गर्ने पनि कृषि क्षेत्र नै हो। यस वर्ष सरकारले कृषिमा ६.४ प्रतिशत बजेट विनियोजन गरेको छ। कृषि क्षेत्र धेरै उत्पादनमूलक वा धेरै नाफामुखी हुन सकिरहेको छैन। राष्ट्र बैङ्कको प्रतिवेदन अनुसार आव २०७९/८० मा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २३.९५ प्रतिशत रहने अनुमान गरेको थियो।

### शिक्षा

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। यो व्यवस्था भए पनि शिक्षा क्षेत्रमा लगानी र नतिजा सन्तोषजनक देखिँदैन। आव २०६९/७० देखि २०७३/७४ सम्ममा शिक्षामा भएको खर्च क्रमशः १७ प्रतिशत घटेर १३ प्रतिशत भएको छ। त्यसयता हामी सङ्घीयतामा प्रवेश गऱ्यौँ। हाम्रो बजेट विनियोजन प्रणाली परिवर्तन भएको छ। भविष्यका लागि दक्ष जनशक्ति विकासका लागि महत्वपूर्ण हुने शैक्षिक विकास कार्यक्रममा सरकारले न्यून बजेट विनियोजन गरेको छ। २०७६/७७ मा शिक्षालाई सरकारको प्रमुख प्राथमिकताको रूपमा जोड गरिएको थियो। स्रोतसाधनको वास्तविक विनियोजन हेर्दा कुल बजेटको जम्मा ३.६१ प्रतिशत मात्र थियो। विगत नौ वर्षमा शैक्षिक अनुसन्धान र विकासमा निकै कम लगानी हुनुले आविष्कार र अन्य विषयमा खास सुधार भएको देखिँदैन।

विगतका वर्षको तुलनामा यो वर्ष शिक्षा क्षेत्रमा अलि बढी बजेट विनियोजन भएको छ। यस वर्ष शिक्षा क्षेत्रमा विनियोजित बजेट कुल बजेटको ११.२९ प्रतिशत छ। यो सकारात्मक हो तर पर्याप्त होइन। बजेटमा गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षा क्षेत्रलाई मान्यता दिने कुरा उल्लेख गरिएको थियो। यसअघिको बजेटमा पनि यो विषय उठेको थियो तर कार्यान्वयन प्रक्रिया सुस्त रह्यो। त्यसको उचित कार्यान्वयन भयो भने शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। निजीभन्दा सरकारी शिक्षामा विश्वास जगाउनु नै अहिलेको मूल कार्यभार बन्न गएको छ।

### स्वास्थ्य

स्वास्थ्य सेवा पनि प्राप्त मौलिक अधिकारभित्र पर्छ। यो क्षेत्रमा बजेटको न्यूनतम १० प्रतिशत विनियोजन गर्नुपर्ने हो। यो विनियोजन आवश्यकता पूरा गर्न सरकार निरन्तर असफल भएको छ। सबैभन्दा बढी विनियोजन आव २०७७/७८ र २०७८/७९ को कोभिड-१९ महामारीको समयमा भएको थियो। यी चुनौतीपूर्ण समयमा स्वास्थ्य सेवाका लागि कुल विनियोजन बजेटको क्रमशः ७.८ प्रतिशत र ८.५९ प्रतिशत थियो। यद्यपि विनियोजन भए पनि चारदेखि छ प्रतिशत मात्र खर्च भएको थियो। स्वास्थ्य क्षेत्रको विनियोजित बजेट आव २०७९/८० मा ६.८७ प्रतिशतबाट २०८०/८१ मा ५.८७ प्रतिशतमा झरेको छ। सरकारले नेपालको राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रममार्फत स्वास्थ्य सेवामा हुने गोजीबाहक खर्च घटाउने वाचा गरे पनि बजेटमा स्वास्थ्य बिमा कार्यक्रमलाई प्राथमिकतामा राख्न सकेको देखिएन।

### सामाजिक सुरक्षा

आव २०६९/७० देखि आव २०७८/७९ सम्म सामाजिक सुरक्षाको कुल खर्च १४ गुणाले बढेको छ। धेरै कर तिर्ने नागरिकले विद्यमान सामाजिक सुरक्षा कार्यक्रमबाट कुनै पनि सुविधा प्राप्त गरिरहेका छैनन्। सरकारको गत वर्ष ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा भत्ता लिने उमेर हद घटाएकाले पनि यस क्षेत्रको लागत बढेको छ। आव २०७६/७७ मा ६६ अर्बबाट २०७८/७९ मा आउँदा झन्डै तीन गुणाले वृद्धि भई १६९ अर्ब भएको छ। चालु आवको सामाजिक सुरक्षाका लागि छुट्याइएको रकम हाम्रो बजेटको झन्डै १२.५३ प्रतिशत हुन्छ। विगतको प्रवृत्ति हेर्दा अधिकांश रकम ज्येष्ठ नागरिकमा खर्च हुने गरेको देखिन्छ। ज्येष्ठ नागरिकलाई उनीहरूको आवश्यकता र स्तरको वर्गीकरण गर्ने कानुन निर्माण गरी परिचय पत्र दिन सकिएमा यस क्षेत्रमा लागत घटाउन सकिन्छ।

### वातावरण संरक्षण

वातावरण संरक्षण क्षेत्रभित्र फोहोर व्यवस्थापन, ढल निकास र प्रदूषण न्यूनीकरण जस्ता क्षेत्र पर्छन्। पेट्रोल र डिजेलमा २००८ देखि प्रतिलिटर प्रदूषण नियन्त्रण शुल्क लगाउने गरिएको छ। प्रदूषण न्यूनीकरण कोषको उपयोग विगत नौ वर्षमा खासै परिचालन हुन सकेको देखिँदैन।

यसबाहेक, पहिरो र बाढीको जोखिममा रहेको मुलुकमा जैविक विविधता र भू-संरक्षणमा सरकारले गरेको खर्च विगत एक दशकमा अत्यन्तै न्यून छ। यसका लागि छुट्याइएको सबैभन्दा बढी रकम आव २०७०/७१ मा मात्र तीन करोड रुपियाँ खर्च भएको देखिन्छ।

हालैका वर्षहरूमा, काठमाडौँले फोहोर व्यवस्थापनमा चुनौतीको सामना गरिरहेको छ। तराई क्षेत्रमा बर्सेनि औलोको प्रकोप बढ्दै गएको छ। काठमाडौँले समेत डेङ्गुको प्रकोपको सामना गरेको थियो। सरकारले वातावरण संरक्षणका विषयमा बेवास्ता गरिरहेको छ। फलस्वरूप अहिले नेपालका धेरै सहरमा प्रदूषणले ठुलो समस्या सिर्जना भएको छ। नेपालमा नसर्ने रोगको प्रमुख कारक तत्वमा वातावरण प्रदूषण पर्छ। यति हुँदाहुँदै पनि सरकारले चालु आवको बजेटमा ०.४९ प्रतिशत मात्रै विनियोजन गरेको पाइन्छ।

आजसम्मका नीति तथा कार्यक्रममा हरेक सरकारले चुनावका बेला गरेको प्रतिबद्धताको भाव करिब ३५ प्रतिशत जति मात्र समेटिएको पाइन्छ। कैयौँ कुरा नीति तथा कार्यक्रम भन्नका लागि मात्र भए जस्तो देखिन्छ। नीति तथा कार्यक्रम अनुसार बजेट आउने कुरामा अर्कै महाभारत बनाउनु हुँदैन। यो बजेट परम्परामा निरन्तरता होइन कि सच्याउनु पर्छ। यसैले आगामी वर्षका लागि बन्ने नीति तथा कार्यक्रम र बजेटले सही मार्ग लेओस्।

*(गोरखापत्र)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — आज मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ। पेसा र व्यवसायबाट लाभ हुनेछ। कसैकसैका लागि सन्तान प्राप्ति र प्रसन्नता छाउनेछ।

**वृष** — आज सफल यात्राको योग छ। कार्य सम्पादनमा सहजता र लाभ पनि मिल्नेछ, तर साँझमा पैसा खर्च हुने चोटपटकको भय छ सचेत रहनुहोला।

**मिथुन** — महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला। माया प्रेममा धोका हुन सक्छ भने एकोहोरो मायाले सताउला, तर शेयर बजारको कारोबारमा लाभ मिल्नेछ।

**कर्कट** — आज परीक्षा आदि प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ। घर परिवारका सदस्यहरूबाट सहयोग पाइनेछ। रमणीय र सुखद् यात्राको योग पनि छ।

**सिंह** — आज सामाजिक सेवा गर्ने अवसरले मानप्रतिष्ठा बढाउनेछ। कार्य सम्पादनमा सहजता मिल्नेछ। व्यापार व्यवसायमा पनि सफलता पाइनेछ।

**कन्या** — मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ। रमणीय, सुखद् र धार्मिक यात्राको योग छ।

**तुला** — आज मनमा शंका तथा डरका कारण बनिसकेको काममा दुबिधा उत्पन्न हुन सक्छ। भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला।

**वृश्चिक** — आज अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ। जीवनसाथीको सल्लाहमा गरिएको कार्यबाट अधिक सफलता मिल्नेछ।

**धनु** — आज घर व्यवहारमा झमेला आउनसक्छ। मनमा दुबिधा उत्पन्न हुनेछ। पारिवारिक समस्या आइपर्ला। विचार गरेर निर्णय लिनु उचित रहनेछ।

**मकर** — अध्ययनअध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ। मित्रबाट विशेष सहयोग मिल्ला। परिवारका सदस्यहरूसँग भेटघाट हुनेछ।

**कुम्भ** — आज सन्तान तथा परिवारमा मेलमिलाप हुनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ। मनमा दुबिधा उत्पन्न होला। सौन्दर्यतामा धन खर्च हुनेछ।

**मीन** — विद्या र बुद्धिको विकास हुनेछ। पारिवारिक भेटघाटमा रमाइन्छ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। प्रेममा आत्मियताको बढोत्तरी हुनेछ।

# सशस्त्र द्वन्द्वको अन्त्यपछि फेरिएको 'पिली गाउँ'

**रमेश रावल**
**सुर्खेत, १० वैशाख ।**

कालीकोट जिल्ला खाँडाचक्र नगरपालिका-७ पिली गाउँ सशस्त्र द्वन्द्व अन्त्यपछि फेरिएको छ । कुनै बेला युद्धस्थलका रुपमा चिनिने पिली गाउँ अहिले युद्ध पर्यटकीय क्षेत्रका रुपमा विकास हुन चरणमा छ ।

खाँडाचक्र नगरपालिकामा पर्ने साविकको दाहाँ गाविसस्थित पिलीलाई युद्ध पर्यटकियस्थल बनाउन स्थानीयले अभियान थालेका छन् । माओवादी जनयुद्धको बेला तत्कालिन शाही नेपाली सेना र माओवादी सेनाको अन्तिम भिडन्त भएको स्थान पिलीलाई युद्ध पर्यटकीय क्षेत्रका रुपमा स्थानीयले विकास गर्न लागेका हुन् ।

माओवादीले २०५२ सालबाट थालेको सशस्त्र द्वन्द्वका समयमा अन्तिम तथा सबैभन्दा बढी मानविय क्षति भएको पिली गाउँलाई युद्ध पर्यटन क्षेत्रका रुपमा विकास गर्ने लक्ष्यका साथ काम अगाडि बढाइएको छ । २३ साउन २०६२ मा माओवादी र तत्कालिन शाही नेपाली सेनाको दोहोरो भिडन्तमा एक सय तीन जनाको ज्यान गएको पिली गाउँलाई युद्ध पर्यटकिय स्थलका रुपमा विकास गर्ने लक्ष्यसहित काम अघि बढेको स्थानीय मानबहादुर मल्लले बताए ।

'माओवादी र तत्कालिन शाही सेनाको सबैभन्दा ठुलो युद्ध यही भएको थियो,' उनले भने, 'सबैभन्दा बढी मानविय क्षति भएको यस ठाउँलाई हामी युद्ध पर्यटन क्षेत्रका रुपमा विकास गर्न खोज्दैछौं ।'

कर्णाली राजमार्ग हुँदै जुम्ला र मुगुको राराताल घुम्न जानेहरुका लागि पिली बीच बाटोमै पर्दछ । जसका कारण पर्यटकहरु पिलीमा गाडी रोकेर तत्कालिन माओवादी र शाही सेना बीच भएको भिडन्तको स्थान हेर्न चासोका साथ आउने गरेको हुनाले उक्त क्षेत्रलाई युद्ध पर्यटकिय स्थलका रुपमा विकास गर्न लागिएको पूर्व जिल्ला समन्वय समितिका सदस्य अनिल मल्लले बताए ।







'माओवादी जनयुद्ध बेला राष्ट्रिय र अन्तर्राष्ट्रिय चर्चामा रहेको पिलीलाई देशैभर चिनाउन र युद्धको अवशेषहरु देखाउन तथा स्थानीयवासीको जीवनस्तर उकास्ने उद्देश्यले पर्यटकीय गाउँको विकास गर्ने योजना छ,' उनले भने, 'युद्ध पर्यटकिय स्थल र लडाई भएका ठाउँमा भग्नावशेष र लडाईमा प्रयोग भएका बंकरको संरक्षण गर्ने तयारी थालिएको छ, लडाई प्रयोग भएका हतियार समेत संकलन गर्ने तयारी गरेका छौं ।'

पिलीमा भएको लडाईमा माओवादीबाट १३ श्रमिक र ६२ जना सेना गरी ७५ जनाको सम्झनामा स्मारक बनाएको छ भने, माओवादीका २८ सेना .मारिएको बताइए पनि त्यसबारे उल्लेख भने गरिएको छैन ।

दुवै पक्षका कमान्डरसहित युद्धमा ज्यान गुमाएका सबैको सालिक बनाउने, प्रयोग भएका हतियार, उपकरण संकलन गरेर म्युजियम बनाउने लगायतका योजना रहेको पिली युद्ध पूर्व राष्ट्रियसभाका सदस्य जीवनबहादुर बुढाले बताए ।

'कर्णाली राजमार्ग निर्माण क्रममा २०६२ वैशाखमा राखिएको तत्कालीन शाही नेपाली सेनाको सडक निर्माण कार्यदलको क्याम्पमा आक्रमण भएको थियो,' उनले भने, 'पिलीमा भएको लडाईंमा मारिनेको तस्वीर, प्रयोग भएका हतियार र उपकरण संकलन गरेर म्युजियम बनाउने लक्ष्य लिएका छौं ।'

माओवादी आक्रमणको निशाना बनेको पिलीमा कर्णाली राजमार्ग बनेसँगै स्थानीयको जीवनस्तर फेरिन थालेको छ । सडक निर्माणसँगै पिलीका ग्रामीण वस्तीहरु बजारमा परिणत हुँदै गएका छन । माओवादी आक्रमणपछि त्रासमा रहेका स्थानीयले लोकतन्त्र बहालीपछि मात्र शान्तिको श्वास फेर्न पाएको स्थानीय अगुवा पुत्रबहादुर मल्ल बताउँछन् । 'पहिले त गाउँमा डरत्रास मात्रै हुन्थ्यो,' उनले भने, 'सडक पुगेसँगै अन्य विकासका पूर्वाधार पनि गाउँमा पुगे ।'

पिलीको उकालोमा रेलिङसहितको पैदलमार्ग निर्माण गरिएको छ । भानाढुंग्री डाँडामा नेपाल टेलिकमले टावर खडा गरेसँगै सञ्चार सेवा सहज बनेको छ । गत वर्ष कर्णाली प्रदेशको पर्यटन मन्त्रालय मार्फत दुई करोड ६० लाख रुपैयाँ खर्चेर तीनवटा भवन र स्टिलको रेलिङसहितको बाटो बनाइएको हो ।

**पर्यटकलाई लक्षित गर्दै होमस्टे**

पिली गाउँमा पर्यटकलाई लक्षित गर्दै स्थानीयले होमस्टे पनि संचालन गरेका छन् । गाउँमा पर्यटकलाई लक्षित गर्दै होमस्टे संचालन ब्यवसाय गर्न थालेको स्थानीय तथा होमस्टे ब्यवसायी भरतबहादुर मल्लले बताए ।

'गाउँमा पर्यटक आउने दर बढ्दै गएको छ,' उनले भने, 'पर्यटकहरु पारिवारिक वातावरण बस्न रुचाउने भएकाले होमस्टे संचालनमा ल्याएका हौं ।' होमस्टे व्यवसायबाट स्थानीयले राम्रो आम्दानी र गाउँको लोक सस्कृति पनि प्रचार प्रसार हुदैं जाने भएकाले स्थानीय खाना, स्थानीय भेषभुषा प्रयोग गर्न थालिएको जिल्ला समन्वय समितिका पूर्व सदस्य अनिल मल्लले बताए । 'गाउँमा सबै स्थानीय खाना परिकार दिने गरेका छौं ।' उनले भने,- 'स्थानीय भाषा सस्कृतिको पनि विकास गर्न लागिएको छ ।'

**छाउविरुद्ध विद्रोह गरेका महिला**

चौध वर्षको उमेरमा पहिलो पटक छाउ (महिनावारी) भएपछि गोठमा बस्न सुरु गरेकी तलसेराकी जमुना मल्लले गत फागुनदेखि गोठ छाडेर घरमा बस्न थालेकी छन् ।

गोठमा बस्दा सधैं सर्पले टोक्छ कि भन्ने डर हुने सुनाउँदै मल्लले गोठ छाडेर घर बस्न थालेपछि ढुक्कले सुत्न पाएको बताइन् । जमुना मात्र होइन, पिलीका हरेक महिला छाउगोठ छाडेर घरमै बस्न थालेका छन् । छाउगोठ छाडेर घर बस्न थालेपछि महिला पनि खुसी छन् ।

गोठ छाडेर घर बस्दादेउता रिसाउँछन्, घरपरिवार र आफैं बिरामी परिन्छ भन्ने सुनेका पिलीका सबै महिला अचेल गोठ छाडेर घरमा बस्न थालेका हुन् । डेढ वर्षअघि चुनाव जितेपछि सबै जनप्रतिनिधिसहितले पिलीलाई छाउगोठमुक्त घोषणा गर्न अभियान चलाउने निर्णय गरेका थिए ।

# उर्थुका स्याउ फुलेर बगैंचा सेताम्मे

**युग संवाददाता**
**जुम्ला, १० वैशाख ।**

हिमाली जिल्ला जुम्लाको वातावरण यतिबेला अति नै रमणीय देखिन्छ । जिल्लैभरि रहेका बगैँचामा स्याउका बोट फुलेर सेताम्मे भएपछि जुम्लाको वातावरण रोमाञ्चक देखिएको हो । जुम्ला स्वादिलो स्याउ पाइने जिल्लाका रुपले प्रख्यात छ ।



त्यो स्वादिलो स्याउ फल्ने बोटका बगैँचाहरुमा फूल फुलेर अहिले सेताम्य भएको छ । चैत- वैशाखमा स्याउ फुल्ने र स्याउ भदौमा पाक्ने गर्छ । स्याउ भदौ महिनामा पाकेपछि बगैँचा राताम्मे देखिन्छन् । जुम्लाको स्याउको इतिहास विसं २०२२ देखि शुरु भएको हो । जुम्लामा वि.सं. २०२२ मा केही व्यक्तिले भारतको कस्मिरबाट स्याउका बिरुवा ल्याएर रोपेपछि शुरु भएको स्याउ खेती अहिले जिल्लाभरि फैलिएको छ ।

स्याउ खेतीको विस्तारका लागि तत्कालीन सरकारले पनि सघाएको थियो । विसं २०३२ मा रानी ऐश्वर्यको जुम्ला भ्रमण भएपछि जुम्लाको चन्दननाथ नगरपालिका-१० (तत्कालीन कार्तिकस्वामी गाउँ पञ्चायत) को गैरागाउँमा स्याउको वागबानी केन्द्र स्थापना भएको थियो ।

उक्त बागवानी केन्द्रमा विसं २०३४ मा स्याउका बिरुवा उत्पादन गर्दै जिल्लाका केही स्थानमा किसानले नमूनाका रूपमा स्याउखेती शुरु गरेको जुम्लाको स्याउको इतिहास भेटिन्छ । जुम्लाको एक मात्र चन्दननाथ नगरपालिका लगायत अन्य ७ वटा गाउँपालिकाका र ६० वटै वडामा स्याउ खेती भइरहेको छ । जुम्लामा गोल्डेन डेलिसेस, रेड डेलिसेस, रोयल डेलिसेस, जोनाथान, कक्स ओरेन्ज टिपिन, म्याकन्ज, इटालिएन फुजी र गाला लगायत जातका स्याउ फल्ने गरेको कृषि विज्ञहरु बताउँछन् ।

जुम्लाको स्याउले काठमाडौं, पोखरा,सुर्खेत,नेपालगन्ज,बुटवल, चितवन लगायत देशका ठूला सहरहरुमा पनि निकै आकर्षक बजार लिएको छ । जिल्ला कृषि विकास कार्यालयले 'एक घर एक बगैंचा' कार्यक्रम निति लिएपछि बिरुवा वितरण, काँटछाँट र प्राविधिक सहयोग भइरहेको छ, भने स्याउ खेतीको विकास भइरहेको छ ।

अहिले जिल्लाबाहिर स्याउको माग पनि बढ्दै गएको छ । भने जुम्ली स्याउ पाए भने मन नपराउने भने कोही नेपाली छैनन् । दशक अघिदेखि सुर्खेत-जुम्ला-कर्णाली राजमार्गले जोडिएपछि यहाँका किसान स्याउ खेतीतर्फ आकर्षित छन् । पछिल्लो समय कर्णाली राजमार्ग कालोपत्रे पश्चात् बाहिर सजिलै निर्यात हुने भएकाले पनि जुम्ली किसानको आकर्षण स्याउ खेतीमा देखिन्छ । जुम्लाको सदरमुकाम खलंगाबाट हिँडेर डेढ घण्टामा पुगिन्छ, सवारी साधनमा १५ देखि २० मिनेटमा पातारासी गाउँपालिका-६ मा रहेको उर्थु गाउँ पुगिन्छ । उर्थु गाउँ वरिपरिका बगैंचा अहिले फुलेर सेताम्मे छन् । जुम्लाको पातारासी- ६ उर्थु गाउँकी बिनिता बिष्टले १२ वर्षदेखि स्याउखेतीमा लागेको सुनाउछिन् ।

उनी स्याउ बगैंचामा ३ सय स्याउका बोट हेरचाह गरिरहेको बताउँछिन्, 'सबैले फल दिन्छन् ।' वार्षिक स्याउ बेचेर उनले न्यूनतम ४ देखि ६ लाख आम्दानी गर्छिन् । स्याउ राम्मो फलाउनु पड्यो । किन्ने व्यापारी गाउँमै पुग्दा छुन् । बेइन (बेच्न) केही समस्या नाईं । कहिलेकाहीं स्याउ फल्दैन र उचाट (उदेक) लाग्दो छ,' स्याउ किसान बिष्टले भनिन् ।

असिना र कालो तुसारो र खडेरीले सताउँछ । उर्थु गाउँमा स्याउको आम्दानी लिने उनी एक्ली छैनन् । सोही गाउँका शेरबहादुर भण्डारी स्याउ बेचेर वार्षिक ९ देखि ११ लाख रुपैयाँ कमाउँछन् । उनको १ हजार दुई सय विरुवा बर्सेनि फल्छन् । बिनिता र शेरबहादुर जस्तै उर्थुका १ सय १० घरपरिवार स्याउ खेतीले आत्मनिर्भर छन् ।

'स्याउ राम्मो फलाउनु पड्यो । किन्ने व्यापारी गाउँमै पुग्दा छन् । बेइन (बेच्न) केही समस्या नाईं । कहिलेकाहीं स्याउ फल्दैन र उचाट (उदेक) लाग्दो छ,' स्याउ किसान पूजा बिष्टले भनिन् । स्याउ खेती नै किसानको आम्दानीको मुख्य स्रोत भएको पातारासी गाउँपालिका-६ का वडा अध्यक्ष कर्मबहादुर बिष्टले बताए । जुम्लामा झन्डै १६ हजार स्याउ बगैंचा छन् ।

यहाँका १८ हजार घरधुरीमध्ये करिब १६ हजार घरका स्याउ बगैंचा स्थापना भएको कृषि कार्यालयले जनाएको छ । कृषि विकास कार्यालयका अनुसार अहिले ४ हजार २ सय ५० हेक्टर जमिनमा स्याउ हुन्छ । जसमध्ये ३ हजार हेक्टरमा लगाएको स्याउले फल दिइरहेको छ । हरेक वर्ष जुम्लामा स्याउ उत्पादन बढ्दै गएको छ ।'

# बीमा सेवा प्रभावकारी बनाउन सरोकारवालाको जोड

**युग संवाददाता**
**सुर्खेत, १० वैशाख ।**

बीमा सेवालाई झन्झटिलो नभै प्रभावकारी बनाउन सरोकारवालाले जोड दिएका छन् । नेपाल बीमा प्राधिकरण कर्णाली प्रदेश कार्यालयले सोमबार वीरेन्द्रनगरमा आयोजना गरेको प्रहरी तथा यातायात व्यवसायीसंग बीमासम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले बीमा सेवा प्रभावकारी नभै झन्झटिलो भएको गुनासो गरे ।

उनीहरुले बीमाप्रतिको असमझदारी हटाउन नेपाल प्रहरी,बीमा कम्पनि र व्यवसायीहरुबीच समन्वयात्मक भूमिका रहनुपर्नेमा जोड दिए । कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी जिल्ला प्रशासन कार्यालय सुर्खेतका प्रमुख जिल्ला अधिकारी शंकरहरी आचार्यले कतिपय व्यवसायीले घटना घटिसकेपछि बिमा गर्ने र त्यसपछि भुक्तानी दाबी गर्दा समस्या हुने गरेको औंल्याए । उनले व्यवसायीहरुका कतिपय कमजोरी औंल्याउँदै "घटना भैसक्छ, अनि बिमा गरिन्छ । यो प्रहरीको गल्ती हो कि व्यवसायीको गल्ती हो ?" भन्दै प्रश्न गरे ।

गाडी बेच्ने तर पास नगर्ने अर्को समस्या रहेको भन्दै प्रमुख जिल्ला अधिकारी आचार्यले नेपाल प्रहरी, बीमा कम्पनि र व्यवसायीको बीचमा समन्वय गरेर बीमा प्रतिको असमझदारी हटाउनुपर्नेमा जोड दिए ।

अन्तरक्रियामा बोल्दै कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रमुख, प्रहरी नायव महानिरीक्षक लालमणि आचार्यले कोही कसैको प्रभावमा नपरेर प्रहरीले निश्पक्ष रुपले काम गर्न सुरक्षा निकायका अधिकारीहरुलाई निर्देशन दिए ।

उनले घटना घटिसकेपछि मुचुल्का बनाउँदा प्रहरीले ध्यान दिनुपर्ने र दुर्घटना निश्पक्ष रुपमा प्रमाणित गरेर बीमितले बीमा भुक्तानी दाबी गर्न सरल तरीका अबलम्बन गर्नुपर्ने औंल्याए । प्रहरी नायव महानिरिक्षक आचार्यले नेपालमा मापासे गरेर यातायातका साधन चलाउने चालकका कारण बढीभन्दा बढी दुर्घटना हुने भएका कारण असल चालक खोजेर गाडी चलाउन व्यवसायीलाई आग्रह गरे ।

सार्वजनिक यातायात केन्द्रीय महासंघ कर्णाली प्रदेशका संयोजक तथा देउती नागरिक यातायात प्रा.लि.का अध्यक्ष कमल खड्का जुनीले व्यवसायीहरु र बीमा कम्पनीबीच बीमा क्षेत्रमा देखिएका समस्याहरुलाई निराकरण गर्न यस्ता छलफल र अन्तरक्रिया कार्यक्रमहरु आयोजना गर्नुपर्ने भन्दै बताए ।

अन्तरक्रियामा बोल्दै नेपाल इन्स्योरेन्स प्रोफेशनल सोसाइटी (निजीवन बीमकतर्फ) कर्णाली प्रदेशका अध्यक्ष गणेश प्रसाद जोशीले दुर्घटनापछि पीडितले बीमाको दाबी भुक्तानी गर्दा विभिन्न प्रक्रियाहरु पुरा गरेमा बीमाको दाबीभुक्तानी झन्झटिलो नहुने उल्लेख गरे । नेपाल पत्रकार महासंघ कर्णाली प्रदेशका अध्यक्ष देवीराम देवकोटाले बीमाप्रतिका कमीकमजोरी हटाएर सबै पक्षबीचको समझदारी बढाउन सुझाव दिए । त्यस्तै अन्तरक्रियामा बोल्दै मध्यपश्चिम यातायात प्रा.लि.का अध्यक्ष यादव विसीले दुर्घटनापछि प्रहरीले कानूनी प्रक्रिया अनुसार काम नगर्दा व्यवसायीहरु मारमा परेको गुनासो गरे ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख पदम प्रसाद सोडारीले नेपालको वित्तीय प्रणाली, नेपाल प्राधिकरणको कार्यक्षेत्र,बीमा सम्बन्धी कानूनी व्यवस्था,राष्ट्रिय बीमा नीति,२०८०, बीमाको सैद्धान्तिक पक्ष,बीमा मध्यस्थकर्ता,बीमा गर्दा ध्यान दिनुपर्ने विषयहरु, बीमा सम्बन्धमा प्रहरीको भूमिका, बीमा क्षेत्रमा हुनसक्ने आर्थिक, सामाजिक तथा नैतिक जोखिम सम्बन्धमा प्रही र बीमा प्राधिकरणको साझेदारीका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

उनले प्रहरी र बीमा प्राधिकरणबीच आगामी दिनमा निरन्तर छलफल, अन्तरक्रिया, समन्वय तथा सहकार्य गर्नुपर्नेमा जोड दिदै बीमामा देखिएको समस्या सहकार्यबाटै निराकरण गर्नुपर्ने बताए । ७० जना सहभागी भएको अन्तरक्रिया कार्यक्रमको संचालन विश्वराज भट्टराई र स्वागत भाषण केशवराज भण्डारीले गरेका थिए ।

## नागरिक...

दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतको तथ्यांकले देखाउछ । पूँजीगत खर्च छुट्याउँदा आकलनभन्दा पनि बजेट विनियोजनको अनुपात मिलाउने हिसाबमा तय हुने गरेको विज्ञहरू बताउँछन् । अनुपात मिलाउने सवालमा मात्र पूँजीगत खर्च केन्द्रित भएकोमा विज्ञहरूसँगै सरकारी अधिकारीहरू नै स्वीकार्छन ।

'लामो समयदेखि पूँजीगत खर्च ६५/७० प्रतिशत पनि हुन सकेको छैन, बजेट बनाउने समयमा हामीले चालु खर्चको आकार हेरेर पुँजीगत खर्चको आकार देखाउने गरेका छौं,' बजेट निर्माणमा संलग्न आर्थिक मामिला तथा योजना मन्त्रालयका एक अधिकारी भन्छन्, 'स्रोत सुनिश्चित नभएका र अध्ययन बिनाका आयोजनामा बजेट छुट्याइन्छ, जसका कारण हामीकहाँ पूँजीगत खर्चमा सुधार हुन सकेको छैन ।' विकास वजेट कार्यान्वयनको अर्को मुख्यम चुनौती राजनीतिक अस्थिरता भएको ति कर्मचारीले बताए ।

## ६ वर्ष...

छ । यस आधारमा पूँजीगत खर्चका लागि छुट्याएको रकम औसत ६२ प्रतिशत मात्रै खर्च भएको छ ।

कर्णाली प्रदेश सरकारले गर्ने बजेट खर्चको अंक असार मसान्तले धान्ने गरेको छ । पहिलो आर्थिक वर्ष २०७४/७५ मा भौतिक पूर्वाधार निर्माणमा २१ करोड १६ लाख १६ हजार बजेट विनियोजन हुँदा १४ करोड ७८ लाख ९६ हजार अर्थात् ६ दशमलव ९९ प्रतिशत मात्रै खर्च भएको देखिन्छ । त्यस्तै, आर्थिक वर्ष २०७५/७६ मा १० अर्ब २२ करोड ७ लाख ९ सय २६ रुपैयाँ कुल विकास बजेटमा ३ अर्ब ७५ करोड ८ लाख ६ सय ५६ रुपैयाँ विकास बजेट खर्च भएको छ । प्रतिशतका हिसाबले खर्चको प्रगति ३६ दशमलव ७ प्रतिशत हुन जान्छ ।

तेस्रो आर्थिक वर्ष २०७६/७७ मा कुल विकास बजेट १० अर्बबाट बढेर १५ अर्ब २९ करोड ४१ हजार ६२ रुपैयाँ पुगेको छ । यस आर्थिक वर्षमा कुल विनियोजित बजेटको ४५ दशमलव ६ प्रतिशत अर्थात ६ अर्ब ९७ करोड ४५ हजार ५५ रुपैयाँ बजेट खर्च भएको भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयले उपलब्ध गराएको तथ्यांकमा उल्लेख छ । त्यस्तै, आर्थिक वर्ष २०७७/७८ मा १५ अर्बबाट घटेर १२ अर्ब ६१ करोड ५ लाख २७ हजार पूर्वाधार निर्माणमा बजेट विनियोजन भएको छ । यस आर्थिक वर्षमा प्रदेश सरकारले कुल बजेटमा ६२ दशमलव ८ प्रतिशत अर्थात ७ अर्ब ९१ करोड ९८ लाख ९७ हजार खर्च गरेको छ ।

आर्थिक वर्ष २०७८/७९ मा विकास बजेट १ अर्ब बढेर १३ अर्ब १७ करोड १२ लाख ५५ हजार पुग्दा खर्च भने अघिल्लो आर्थिक वर्षको तुलनामा १२ प्रशितले कम हो । यस वर्ष सरकारले कुल विकास बजेटको ५० दशमलव २ प्रतिशत बजेट कार्यान्वयन गरेको छ ।

प्रदेश सरकारको पहिलो कार्यकालको अन्तिम विकास बजेट २ अर्बले घटेर आएको छ । गत आर्थिक वर्ष २०७९/८० मा १३ अर्बबाट घटेर ११ अर्ब १२ करोड ९४ लाख ६४ हजारमा बजेट सिमित हुँदा खर्च भने ५ प्रतिशतले बृद्धि भएको छ । कुल विनियोजित बजेटको ६ अर्ब १३ करोड ६४ लाख ११ हजार अर्थात् ५५ दशमलव १४ प्रतिशत विकास बजेट खर्च भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ । यो तथ्यांकलाई केलाउने हो भने प्रदेश सरकारले ६ वर्षको अवधिमा भौतिक पूर्वाधार निर्माणतर्फ करिब ५१ प्रतिशत मात्रै प्रगति हाँसिल भएको छ ।


## खजुरा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
## आशय स्वीकृतिको सूचना

**(प्रथम पटक सुचना प्रकाशित मितिः २०८१/०१/१०)**

यस गाउँपालिकाको मिति २०८०।१२।०९ गते नागरिक दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सुचना अनुसार बोलपत्र आह्वान भइ तोकिएको म्याद भित्र बोलपत्र प्रस्तावमा दर्ता गर्ने निर्माण कम्पनिहरु बाट मिति २०८१।०१।०९ मा प्रस्ताव खोली मुल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम सोहि ऐनको दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिन्छ ।

| क्र. सं. | ठेक्का नं. | ठेकेदारको नाम | योजनाको नाम | भ्याट र पि.एस.सहित कबोल अंक रु. | कै. |
|---|---|---|---|---|---|
| १. | KRM/NCB/ WORKS/ 24/2080-81 | सौरभ कन्स्ट्रक्सन मधुवन ९ बर्दिया | सामुदायिक भवनमा थप पूर्वाधार निर्माण खजुरा २ बाँके | रु.३५९२६५९.५२ | |

## गर्मीयाममा लाग्नसक्ने रोगबाट छुटकारा पाउनः

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुलास्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर,आँगन वा बसोबास गर्ने आसपासको क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका बस्तुहरु भएमा हटाई सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सेवाग्राहीको गुनासो सुन्दै प्रजिअ

◣भक्तबहादुर शाही
दैलेख, १० वैशाख ।

जिल्ला प्रशासनमा सेवा लिन गएका सेवाग्राहीलाई सधै जसो दिउसो १ बजे प्रमुख जिल्ला अधिकारी खिमराज भुषालले सेवा ग्राहीको गुनासो सुन्ने अभियान सञ्चालन गरेका छन् ।

नागरिक मैत्री सेवा प्रवाहको सवाललाई प्रमुख प्राथमिकताका राखेर प्रशासन पुगेका सेवाग्राही सँग काम भए नभएको जानकारी लिन, नीति नियमको बारे जानकारी दिनको लागि यो अभियान थालिएको हो ।

सेवाग्राहीसँग प्रत्यक्ष भेटेर काम भए नभएको जानकारी लिदा दिदा नागरिकप्रति अपनत्वको भावना पैदा गर्छ भने ढुक्कसँग सेवाग्राहीले मन लागेका जिज्ञासा मेटाउँछन् । कसैको काम केही कारणले रोकिएको हुनसक्छ उनलाई मेरो काम के कारण बनेनन भन्ने जानकारी पनि हुन्छ ।

गाउँबाट आउने अन्य व्यक्ति सबै प्रक्रिया पुरा गरेर आउँछन् कसैले दुःख पाउँदैन । पहिला गुनासा गुनासा पेटिमा खसाल्न्थिो । आजभोली प्रत्यक्ष भेटघाट गर्दा काम नहूँदा बारे सेवाग्राही जानकारी पाउनहुन्छ । सेवा ग्राहीलाई छिटो छरितो र गुणस्तरीय सेवा प्रवाहलाई प्रमुख प्राथमिकता राखेर यो अभियानको थालनी गरिएको प्रजिअले बताए ।

जिल्ला प्रशासन कार्यालय दैलेखले आफ्ना दैनिक कार्यलाई नागरिक मैत्री बनाउन सेवा प्रवाह प्रतिको प्रतिकृया गुनासा सुन्ने गरेको प्रजिअ भुषालले जानकारी दिए । प्रत्येक दिन दिउँसो एक बजेको समयमा सेवालिन आएका सेवाग्राहीसंगै बसि उनीहरुको समस्या/गुनासा सुन्ने गरेको उनले भनाई छ ।

जिल्लाको शान्ति सु-व्यवस्थालाई चुस्त दुरुस्त राख्ने, विपद् व्यवस्थापन प्रतिकार्यको पूर्ण तयारी अवस्थामा राखिने, विकास व्यवस्थापनमा सहिजकरण गर्ने लगायतका कार्यहरूलाई जोड दिइने उनले राजधानीलाई बताए ।

उनले भने नागरिक मैत्री सेवा प्रवाहले सेवाग्राही र हामि बिचको सम्बन्ध थप सकरात्मक राख्न समस्या/गुनासा सुन्ने गरेको जानकारी दिए । जिल्लाको समग्र क्षेत्रमा सुशासन प्रवर्द्धनमा जोड दिइने समेत उनले भनाई छ ।

## पूर्वाधार...

रहेका छन् । समितिका संयोजक शाहीले कर्णाली प्रदेशमा पूर्वाधार निर्माणलाई सरकारले प्राथमिकता दिनुपर्ने बताए । उनले भने, 'कर्णाली प्रदेशमा सडकलगायत पूर्वाधार निर्माणमा सरकारले ध्यान दिन सकेको छैन । अब गरिने विकासमा कर्णालीलाई प्राथमिकतामा राखिनुपर्दछ ।' सल्यानमा निर्माणाधीन सडकको अवस्थाका विषयमा गरिएको छलफलमा संयोजक शाहीले यसअघिका सरकारले अघि सारेका विकास आयोजनालाई अहिलेको सरकारले पनि निरन्तरता दिनुपर्ने बताए ।

उनले भने, 'प्रदेश र जिल्लामा सञ्चालित गौरवका पूर्वाधारका योजनामा ध्यान नदिएर अहिलेको सरकारले योजना अलपत्र पार्न खोजेको छ । यो राम्रो कार्य होइन । मन्त्री र सरकार फेरिँदैमा आयोजनामा असर पर्नुहुँदैन ।' पूर्वमन्त्री तथा विकास समितिका सदस्य ज्वालाले छनोटमा परेका विकास निर्माणका योजना कार्यान्वयमा ढिलाइ हुँदा नागरिकमा निरासा बढेको बताए । उनले भने, 'विभिन्न योजनामा बजेट छ । टेन्डर भएको छ । तर कार्यान्वयनमा प्रभावकारिता छैन । यसलाई सुधार गर्न सबैले पहल लिनुपर्दछ ।' सल्यानमा सञ्चालित मदन भण्डारी राजमार्ग, राप्ती राजमार्गसहित कर्णाली प्रदेशमा निर्माणाधीन मध्यपहाडी लोकमार्ग, कर्णाली करिडोरलगायतका सडकमा भइरहेको कामको अनुगमन गरी स्थलगत रिपोर्ट तयार गरेर विकास समिति, सम्बन्धित मन्त्री र मन्त्रालयलाई बुझाइने अनुगमन समितिका सदस्य माझीले जानकारी दिए । उनले भने, 'सडक पूर्वाधारका कामलाई छिटोछरितो र गुणस्तरीय बनाउन समितिको तर्फबाट ध्यानाकर्षण गराउँछौं ।'

कार्यक्रममा सहभागी सरोकारवालाले सरकार र मन्त्री फेरबदल हुँदैमा सञ्चालित गौरवका आयोजना प्रभावित हुन नहुनेमा जोड दिए । राप्ती राजमार्ग र मदन भण्डारी राजमार्गमा आवश्यक बजेटको स्रोतको सुनिश्चिता भए पनि सरकार फेरबदल भएपछि बोलपत्र आह्वान नभएको उनीहरुको गुनासो थियो ।

कर्णाली प्रदेशसभा सदस्य सुरेश अधिकारीले सल्यान र रुकुमका लागि जीवन (लाइफलाइन)को रुपमा रहेको राप्ती राजमार्गको काममा ढिलाइ भएको बताए । उनले भने, "ठेक्का सम्झौता भएको लामो समयम भए पनि काममा ढिलाइ भएको छ । यसलाई छिटो कार्यान्वयन गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।"

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(दोस्रो पटक सूचना प्रकाशित मिति: २०८१/०१/१०)**

यस सुर्खेत एजुकेशन डेभलपमेन्ट एकेडेमी (सेडा) प्रा.लिमा निम्न अनुसार शिक्षक आवश्यक परेकाले योग्यता पुगेका नेपाली नागरिकहरुबाट रितपूर्वक आवश्यक कागजात सहित दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

**विज्ञापन नं. : ०१/२०८०/०८१**
**पद** : पूर्व आधारभुत तह शिक्षक
**आवश्यक संख्या** : २ (दुई) जना
**आवश्यक न्यूनतम शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ उत्तिर्ण ।
**अन्य वाञ्छनिय योग्यता** :

- सम्बन्धित तहमा कम्तीमा २ वर्ष अध्यापन गरेको अनुभव ।
- मन्टेश्वरी तालिम प्राप्त गर्नुका साथै ग्रेड टिचिङ सम्बन्धी ज्ञान भएको ।
- अंग्रेजी माध्यममा अध्यापन गर्न सक्ने ।
- कम्प्यूटर सम्बन्धी ज्ञान भएको ।

**उमेरको हद** : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ ।
**दरखास्त दस्तुर** : रु ५००। (पाच सय रुपैया मात्र) ।

**विज्ञापन नं. : ०२/२०८०/०८१**
**पद** : निम्न माध्यामिक तह शिक्षक
**आवश्यक संख्या** : २ (दुई) जना
**आवश्यक न्यूनतम शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण ।
**विषय** : विज्ञान (१), गणित (१)
**अन्य वाञ्छनिय योग्यता** :

- सम्बन्धित तहमा कम्तीमा २ वर्ष अध्यापन गरेको अनुभव ।
- अंग्रेजी माध्यममा अध्यापन गर्न सक्ने ।
- कम्प्यूटर सम्बन्धी ज्ञान भएको ।

**उमेरको हद** : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ ।
दरखास्त दस्तुर : रु ७००। सात सय रुपैया मात्र) ।
**दरखास्त पेश गर्ने अन्तिम मिति** : २०८१/०१/०१४ गते शुक्रवार कार्यालय समय भित्र
**सम्पर्क मिति** : २०८१/०१/१६ गते आइतवार
**परिक्षाको मिति र समय** : सम्पर्क मितिमा जानकारी गराईनेछ
(**नोट** : सर्टलिस्टमा छनौट भएका उम्मेदवारहरुलाई मात्र परिक्षा तथा अन्तर्वार्तामा समावेश गराइनेछ । छनौट सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ ।)

**सुर्खेत एजुकेशन डेभलपमेन्ट एकेडेमी (सेडा) प्रा.लि.**
वीरेन्द्रनगर-१०, सुर्खेत
सम्पर्क : ०८३-५२५२१०

## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा

१ घर जग्गा बिक्री गर्ने वास्तविक व्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझ्ने
८ उक्त जग्गामा मोही भय नभयको बुझ्ने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ ।
**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१

# खजुरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## आशय स्वीकृतिको सूचना

**(प्रथम पटक सुचना प्रकाशित मिति: २०८१/०१/१०)**

यस गाउँपालिकाको मिति २०८०।१२।०९ गते नागरिक दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सुचना अनुसार बोलपत्र आह्वान भइ तोकिएको म्याद भित्र बोलपत्र प्रस्तावमा दर्ता गर्ने निर्माण कम्पनिहरु बाट मिति २०८१।०१।०९ मा प्रस्ताव खोली मुल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम सोहि ऐनको दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिन्छ ।

| क्र. सं. | ठेक्का नं. | ठेकेदारको नाम | योजनाको नाम | भ्याट र पि.एस.सहित कबोल अंक रु. | कै. |
|---|---|---|---|---|---|
| १. | KRM/NCB/ WORKS/ 25/2080-81 | स्ट्रेटलाइन कन्स्ट्रक्सन प्रा.लि. खजुरा ३ बाँके | खजुरा बसपार्क मा बाउण्ड्र वाल निर्माण | रु.१७४२६८८.३५ | |

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरु**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

## हटलाइन मर्मत सेवा फोन गर्नुहोस । समस्या सुनाउनुहोस समाधान पाउनुहुनेछ ।

धेरै समस्याको समाधान अव एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा ।
२) फर्निचर (कार्पेन्टर) मर्मत सेवा ।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा ।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा ।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा ।
६) पाथरुम, शौचालय मर्मत सेवा ।
७) कोठा सार्ने गाडी सुविधा ।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि
२४ शै घण्टा सेवा गर्ने अवसर दिनुहोस ।

**सामेल निर्माण सेवा**
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोवाइल नं. : ९८५८०२२७१८

भवानी छापाखाना
DIGITAL COLOUR PRINTER
सुलभ दर तथा गुणस्तरीय छपाई तोकिएकै समयमा
**क्यालेण्डर**
स्पाइरल साधारण टेबल
के तपाई **२०८१** सालको क्यालेण्डर छपाईको लागि विश्वसनीय छापाखानाको खोजीमा हुनुहुन्छ ?



•Screen Print •Offset Print •Digital Print
B.C. Group Karnali 2070
24 Years in Printing Experience
Quality & Quantity Printing House
संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20" × 30" & 19" × 25")
Multicolour Printing Machine
25000 Printing Per Hour



**भवानी छापाखाना**
Industry :- Birendranagar Industrial Area
: pressbhawani@gmail.com
Office :- Birendranagar-6, Surkhet
: 083-521615, 9858067999

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, प्रधान कार्यालय: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।